Australian Volunteers

# बालबालिकाको संरक्षण गर्नु सबै

## अष्ट्रेलियन स्वयंसेवक कार्यक्रम सबै प्रकारको हानी तथा दुर्व्यवहारबाट बालबालिकाको सुरक्षा गर्नको लागि प्रतिवद्ध छ ।



(तस्विर) म आफ्नो परिवारसँग हुँदा सुरक्षित महसुश गर्दछु किनभने उनीहरुले मेरो राम्रो हेरचाह गर्दछन् ।*

# मेरो अधिकार




## बालबालिकाको अधिकार हुन्छ।

सबै बालबालिकालाई शारीरिक, यौनिक र भावनात्मक दुर्व्यवहार तथा शोषणबाट सुरक्षित हुने अधिकार छ।

सबै बालबालिकालाई उनीहरुको विचार र आवाज सुनाउने अधिकार हुन्छ। यी र अन्य अधिकारहरु बालअधिकारसम्वन्धी संयुक्त राष्ट्रसंघको महासन्धिमा समावेश गरिएका छन्।

अष्ट्रेलियन स्वयंसेवक कार्यक्रम बालबालिकाको अधिकारको रक्षा गर्न प्रतिवद्ध छ। यो जिम्मेवारी हामी हाम्रा सबै कर्मचारी, साझेदार संस्था र स्वयंसेवकहरुमा बाँड्दछौं।

## बाल संरक्षणकोलागि हाम्रो विधि

बाल दूर्व्यवहार र शोषण संसारका सबै देश, घर, विद्यालय, समुदाय अनलाइनको वातावरणमा हुन सक्छ।

यो कार्यक्रम सबै प्रकारको हानीबाट बालबालिकाको रक्षा गर्न प्रतिवद्ध छ। हामी बाल-केन्द्रीत अधिकारमा आधारित विधि अवलम्वन गर्छौ।

हाम्रो बाल संरक्षण नीतिले सबै कर्मचारी, स्वयंसेवक र साझेदारलाई बालबालिकालाई हानी नोक्सानी नगर्न र सधै उनीहरुको हितमा काम गर्न बाध्य गदर्छ।

हामीसँग बाल शोषण र हानीविरुद्ध शून्य सहनशीलताको दृष्टिकोण छ। हामी सधैं सबै घटना, सरोकार वा हानीको आरोपमा अथवा हाम्रो नीतिको पालना नगरेको खण्डमा तुरुन्तै प्रतिकृया लिन्छौं। साथै बालबालिकाको हितलाई अन्य सबै विषय भन्दा माथि राख्दछौं।




### हामी हाम्रो साझेदारहरुलाई कसरी सहयोग गर्छौं

बालबालिकाको संरक्षण गर्नु सबैको साझा दायित्व हो
हामी बाल संरक्षण नीति र प्रणालीहरुलाई बलियो बनाउन संस्थाहरुसँग सहकार्य गरी काम गर्दछौ र बालबालिकाको संरक्षणका लागि विद्यमान बाल सुरक्षित उपायहरु निर्माण गर्दछौं ।

साझेदारहरुलाई उपलब्ध गराईनेछः

- बाल संरक्षण नीति निर्माण र कार्यान्वयनमा सहयोग
- व्यवहारिक श्रोत, जस्तै बाल संरक्षण नीतिसम्वन्धी कार्यपुस्तिका
- घटना तथा गोप्य प्रतिवेदन कसरी रिपोर्ट गर्ने भन्नेबारे मार्ग निर्देशन
- राष्ट्रिय कार्यालयमा एक समर्पित स्थानीय कर्मचारी सदस्य, जसलाई बाल संरक्षण फोकल व्यक्तिको रुपमा लिईनेछ ।
- कार्यशाला तथा तालिममा पहुँच

### प्रश्न छ ?

आफ्नो देशको कार्यालयमा रहेको बाल संरक्षण फोकल व्यक्तिलाई सम्पर्क गर्नुहोस् ।

बालअधिकारसम्वन्धी संयुक्त राष्ट्रसंघको महासन्धि (UNCRC) हेर्नुहोस् ।

unicef.org/child-rights-convention

बाल संरक्षण नीतिसम्बन्धी कार्यपुस्तिका यहाँबाट डाउनलोड गर्नुहोस् ।

australianvolunteers.com/child-protection

घटना अथवा अन्य विवरणबारे आफ्नो देशको कार्यालयको ईमेल वा तलको ईमेल मार्फत रिर्पोट गर्नुहोस ।

childprotection@australianvolunteers.com

australianvolunteers.com

सम्पर्क: childprotection@australianvolunteers.com

बालअधिकार सम्वन्धी संयुक्त राष्ट्रसंघको महासन्धिबारे थप जानकारी लिनुहोस ।: unicef.org./child-rights-convention

*दक्षिण अफ्रिकाको सेक्रेड हार्ट कलेजले आयोजना गरेको "श्री २ सिक्स शरणार्थी बालबालिका शिक्षा परियोजना" को बाल लाभार्थीले बनाएको चित्रमा आधारित विम्ब । यस परियोजनाले प्राथमिक शिक्षा उमेर पुगे का शरणार्थी र प्रवासी बालबालिकालाई शिक्षा प्रदान गर्छ र यसकोलागि वकालत गर्दछ ।

**यी बालबालिका सम्बन्धी केही अधिकारहरु मात्र हुन्, थप जानकारीको लागि बालअधिकारसम्वन्धी संयुक्त राष्ट्रसंघको महासन्धि पढ्नुहोस । unicef.org/child-rights-convention

Australian Volunteers | Australian Aid